# सूचना

## नारायणी डेभलपमेण्ट बैंक लि. रत्ननगर, चितवनलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सुधार कार्य गर्न निर्देशन दिइएको सम्बन्धमा ।

नारायणी डेभलपमेण्ट बैंक लि., रत्ननगर, चितवनलाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(ख) बमोजिम मिति २०६९।२।२४ देखि कारवाही गरी संस्था सुधारका लागि विभिन्न निर्देशनहरु दिइएको । उक्त डेभलपमेण्ट बैंकको २०७० असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा यस बैंकबाट विशेष निरीक्षण गर्दा पूँजीकोष अनुपात ४८.७३ प्रतिशतले ऋणात्मक रहेको देखिएको तथा संस्था स्वयंले पेश गरेको २०७० मंसिर मसान्त र पुस मसान्तको वित्तीय विवरणमा समेत संस्थाको पूँजीकोष अनुपात क्रमश: १०.९५ प्रतिशत र १३.९८ प्रतिशतले ऋणात्मक रहेको देखिएकोले संस्थाले यस बैंकबाट जारी न्यूनतम पूँजीकोष अनुपात सम्बन्धी निर्देशनको पालना गर्न नसकेको । संस्थाको कुल कर्जामा खराब कर्जाको अंश करीव ५७.०० प्रतिशत रहेको, संस्थाका तत्कालिन सञ्चालक समितिका अध्यक्ष दिव्यकुमार श्रेष्ठ सम्बद्ध कर्जा तथा निजबाट असुल उपर गर्नुपर्ने सण्ड्री बापतको रकम गरी संस्थाको उल्लेख्य हिस्सा ओगट्ने सम्पत्ति असुल हुने सम्भावना अत्यन्तै न्यून रहेको, संस्थाको व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, संस्थाले मिति २०७०।५।२५ मा पेश गरेको पूँजी योजना अनुरुप पूँजी बृद्धि गर्ने सम्बन्धमा कुनै पनि प्रगति नभएको । संस्थाको पूँजीकोष ऋणात्मक भएको एवम् संस्थाको वित्तीय अवस्थामा सुधार हुनुको साटो झन्झन् ह्रासोन्मुख हुँदै गएकोले यस बैंकको मिति २०७०।९।२५ को निर्णयानुसार संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम (३) को खण्ड (ङ) बमोजिमको कारवाही गर्नु नपर्ने कारण भए ३५ दिन भित्र स्पष्टिकरण पेश गर्न निर्देशन दिएकोमा संस्थाले मिति २०७०।११।११ मा पेश गरेको स्पष्टिकरणबाट संस्थाको वर्तमान वित्तीय अवस्थालाई सुधार गर्न आवश्यक पर्ने पूँजी थप गर्ने सम्बन्धमा स्पष्ट, ठोस् एवं विश्वसनीय आधार नदेखिएको एवम् यथास्थितिमा संस्था सुधार हुने सम्भावना समेत अत्यन्त न्यून देखिएको हुँदा स्पष्टिकरण सन्तोषजनक नपाइएको । यस स्थितिमा सर्वसाधारण निक्षेपकर्ताहरुको निक्षेप एवम् संस्थाको सम्पत्ति थप क्षयीकरण हुन नदिई संस्थाका निक्षेपकर्ता, शेयरधनी, साहू तथा सर्वसाधारणको हित संरक्षणका लागि उक्त संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही गर्न तथा निर्देशन दिन र सोही विनियमावलीको विनियम ३ को खण्ड (ङ) को (आ) अनुसार उक्त संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम मिति २०७०।१२।२७ देखिसमस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार ६ (छ) महिनाभित्र निम्न अनुसारको सुधार कार्य गर्न निर्देशन दिइएको ।

(क) संस्था सुधार सम्बन्धी TOR र जिम्मेवारी समेत तोकेर ३० दिनभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न ।

(ख) यस बैंकको निर्देशन बमोजिम पुँजीकोष कायम गर्न ।

(ग) थप निक्षेप संकलन एवम् नवीकरण नगर्न ।

(घ) थप कर्जा तथा जमानत प्रदान नगर्न ।

(ङ) भाखा (म्याद) पुगेका एवं फिर्ता भुक्तानी गर्नु पर्ने निक्षेप फिर्ता गर्न । तर प्रति दिन प्रति खाता रु.२ लाखभन्दा बढी निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको पूर्व स्वीकृति लिन ।

(च) निष्क्रिय कर्जाको अनुपात बढीमा ५.०० प्रतिशतमा ल्याउन ।

(छ) नयाँ शाखा नखोल्न ।

(ज) यस बैंकको स्वीकृति बिना स्थीर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।

(झ) सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

(ञ) यस बैंकको स्वीकृति बिना नयां कर्मचारी भर्ना नगर्न तथा कार्यरत कर्मचारीको बढुवा नगर्न ।

(ट) लाभांश घोषणा वा वितरण नगर्न ।

(ठ) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

(ड) तत्कालिन सञ्चालक समिति तथा व्यवस्थापनका पदाधिकारी, संस्थापक एवं अन्य कर्मचारीहरुले स्वयं वा अन्य व्यक्तिका नामबाट कर्जा लिई अनियमित कार्य गरेको वारेमा छानविन गरी दुरुपयोग भएको रकम समेत यकिन गरेर सोको विवरण यस बैंकमा पेश गर्न ।